# बगर खेति कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६

**प्रस्तावनाः-** नेपालको कूल क्षेत्रफलको ६.६% तथा कुल जनसंख्याको २०.४% जनसंख्या बसोबास गर्ने प्रदेश नं २ मा ६९% जनसंख्या कृषिसंग आवद्ध रहेको र कूल गार्हस्थ उत्पादनमा यस प्रदेशको १६.९% अंश रहेकोले यो प्रदेश नेपालकै अर्थतन्त्रको मेरुदण्ड रहेकोमादुईमत छैन । यस प्रदेशको जमिन बर्षेनी नदि कटान बाट बगरमा परिणत भैरहेकाले खेतीयोग्य जमिन घट्दोक्रम रहेको छ, जसको फलस्वरुप समग्र उत्पादन र उत्पादकत्व बढ्न सकिरहेको छैन । यसै सन्दर्भमा बगरमा परिणत भएका नदि / खोला किनाराका जग्गाहरुलाई उपयोग गरी भूमिहीन र न्यून आय भएका कृषकहरुलाई बगरमा तरकारी खेती गराई कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गरी कृषकहरुको जीवनस्तर सुधार गर्ने उदेश्यले प्रदेश सरकारको आर्थिक वर्ष २०७५/२०७६ मा बगर खेति कार्यक्रमलाइ बिशेष महत्व दिई बजेट बक्तव्य मार्फत संचालन गरी बजेट व्यवस्था गरेको थियो र पुन चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रममा बगरखेती प्रवर्धनका लागि बजेट बिनियोजन भएको हुदा सो कार्यक्रमलाई व्यवस्थित, पारदर्शी र प्रभावकारीरुपमा संचालन गर्न वाञ्छनीय भएकोले प्रदेश नं. दुईको प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस कार्यविधिको नाम "बगर खेति कार्यक्रम कार्यान्वयन कार्यविधि,२०७६" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मितीबाट प्रारम्भ हुनेछ।

(३) यो कार्यक्रम प्रदेश नं.दुई को आठ वटै जिल्लामा वार्षिक संचालन गरिने छ ।।

२. <u>परिभाषा</u> :बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :–

(क) "बगर खेती कार्यक्रम (Riverbed / river bank farming program)" भन्नाले नदि/खोला किनाराका खेर गैरहेका बगरमा संचालन गरिने तरकारी खेति/उत्पादन तथा बिक्रि वितरण सम्झनुपर्छ ।

(ख) "बगर" भन्नाले नदि/खोलाको किनारा उकास जमिन भन्ने सम्झनुपर्छ ।

(ग) "तरकारी खेती" भन्नाले नदि/खोला किनाराका बगरहरुमा लगाइने तरकारी बालीहरु जस्तै :–लौका, घिरौला, फर्सी, जुकिनी, काक्रा, तरबुजा, खरबुजा, परवल, करेला तथा अन्य लहरे तरकारी बालीको खेती भन्ने सम्झनुपर्छ ।

(घ) "मन्त्रालय" भन्नाले "भूमिव्यवस्था कृषि तथा सहकारी मन्त्रालय" सम्झनुपर्छ ।

(ङ) "केन्द्र" भन्नाले सम्बन्धीत "कृषि ज्ञान केन्द्र" सम्झनु पर्छ ।

(क) नदि/ खोला किनारको बलौटे उकास जग्गाको सदुपयोग गरी तरकारीको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।

(ख) न्यून आय भएका र भूमिहीन कृषकहरुलाई रोजगारी तथा आय आर्जनको अवसरहरु सृजना गरी जीवनस्तरमा सुधार ल्याउन सहयोग पुर्याउने ।

## परिच्छेद – २

## बगर खेति कार्यक्रम तथा कार्यक्रम संचालन विधि

४. **बगर खेति कार्यक्रम संचालन गर्ने निकाय**:(१) यस कार्यविधि अन्तर्गत बगरमा तरकारीउत्पादन कार्यक्रम संचालन गरिनेछ ।

(२) यस कार्यक्रम संचालनमा प्रर्वद्धनात्मक,अनुगमन,तथा क्षमता बिकास लगायतका क्रियाकलापहरु कृषि विकास निर्देशनालयले गर्नेछ ।

(३) सम्बन्धित केन्द्रले जिल्लामा अनुदान रकम उपलब्ध गराउने अभिमुखीकरण गोष्ठी, ,बजार व्यवस्थापन गोष्ठी तथा स्थलगत तालिम संचालन गर्ने साथै उक्त कार्यक्रमहरुको अनुगमन कार्य गर्नेछ।

(४) बगर खेति कार्यक्रम तोकिएको जिल्लाको केन्द्र मार्फत संचालन हुनेछ ।

५. **बगर खेति कार्यक्रमको लागी छनौटका आधारहरु**: बगर खेती कार्यक्रमको लागीकृषक/कृषक समुह/कृषि सहकारी तथा क्लस्टर छनौट देहायका अधारहरु गरिनेछ:

(क) बगर खेती गरिने स्थल नदि/खोला किनार आसपासको उकास वा बगर हुनुपर्नेछ ।

(ख) कार्यक्रममा भूमिहीन,न्यून आय भएका तथा सामाजिक रुपमा पछाडि पारिएका बर्गलाई बिशेष प्राथमिकता दिइनेछ ।

(ग) बिगत बर्ष देखि बगरमा तरकारी गर्दै आएका कृषक समुहको हकमा दफा ७ बमोजिम थप क्षेत्र बिस्तार भएको हुनुपर्नेछ । पहिलो पटक बगरमा तरकारी खेती गर्ने इच्छुक कृषक/कृषक समुह/कृषक सहकारी पनि यस कार्यक्रम मा संलग्न हुन् सक्ने छन् ।

(घ) बगर खेती आफ्नै जमिनमावा भाडा वा करारमा लिएको जमिनमा गर्न सकिने छ ।

(ङ) यो कार्यक्रम नदि/खोला किनारको आसपासको कृषक/कृषक समुहतथा कृषक सहकारी मार्फत कलस्टरमा संचालन गरिनेछ ।

(च) बगरखेती संचालनकालागि सम्बन्धित केन्द्रले जमिनको उपलब्धता, बगर खेतीको व्यवसायीकरणको संभावना लगायत अन्य आवश्यक मापदण्ड तयार गरी सोको आधारमा सम्बन्धित कृषकहरुको सहभागीतावास्थानीय तह संग समन्वय गरी क्लस्टर छनौट गरिने छ ।

६. **बगर खेती कार्यक्रम संयोजक र निजको दायित्व** :(१) बगर खेती कार्यक्रमको संयोजक केन्द्रमा कार्यरत बागवानी विकास अधिकृतले गर्नेछ ।

(२) बागवानी विकास अधिकृतको दरबन्दी रिक्त भएमा वा नभएमा केन्द्रको प्रमुखले तोकेको अधिकृतले कार्यक्रमको संयोजन गर्नेछ

(३) कार्यक्रम संयोजनको दायित्व देहाय बमोजिम हुनेछ :-

(क) केन्द्रबाट छनौट भएका क्लस्टरहरुमा बगर खेती कार्यक्रम संचालन गर्ने ।

(ख) जिल्लामा बगर खेतीमा देखिएको समस्या हेरी सम्बन्धित बिषय, बिशेषज्ञ, स्थानीय तह र केन्द्रको सहयोगमा प्राबिधिक सेवा निरिक्षण अनुगमन समस्या समाधान जस्ता कार्यहरु गर्ने ।

(ग) सम्पन्न कार्यहरुको अभिलेख राख्नुपर्नेछ र निर्दिस्ट ढाँचामा तोकिएको समयमा मन्त्रालयलाई प्रगति प्रतिवेदन पेश गर्ने ।

(घ) क्लस्टरका कृषक र बिमा कम्पनीका बिचमा बगरमा गरिएको तरकारीको बिमाका समन्वयात्मक भूमिका निर्वाह गर्ने ।

७. **बगर खेति कार्यक्रम संचालन प्रक्रिया:** (१) स्वीकृत कार्यक्रम तथा अख्तियारी प्राप्त भएपछि सम्बन्धित केन्द्रले कार्यक्रम संचालन/कार्यान्वयन गर्नेछ।

(२) सम्बन्धित केन्द्रले बगरखेती कार्यक्रम कार्यान्वयनका लागि क्लस्टर छनौट गरिकृषक /कृषक समुहतथाकृषक सहकारीलाई जानकारी गराई कार्यक्रम कार्यान्वयनका लागी परिचालन गर्नु पर्छ ।

(३) छनौट गरिएका कृषक/कृषक समुहतथा कृषक सहकारीसँग अनुसूची १ वमोजिम संझौता गरी स्वीकृत कार्यक्रम अनुसारका क्रियाकलापहरु कार्यान्वयन तथा संचालन गर्नु पर्नेछ ।

(४) यस कार्यक्रममा सहभागी हुन् चाहनेकृषक/कृषक समुहतथाकृषक सहकारीले कम्तीमा प्रति क्लस्टर ३ बिगाहा क्षेत्रफ़ल बगरमा तरकारी खेती गर्नुपर्छ ।

(५) छनौट गरिएका क्लस्टर आवश्यकता र मागको आधारमा यस कार्यक्रम मार्फत तालिकामा उल्लेख गरे अनुसार प्रति क्लस्टर लागत स्टिमेटको आधारमा आवश्यकता अनुसार बजेटको परिधीभित्र रहेर क्लस्टर उत्पादन सामग्रीहरु खरिद गरी कार्य प्रारम्भ गर्नु पर्नेछ र बगरमा बाली स्थापित भएकार्य सम्पादनको आधारमा बढीमा पचास प्रतिशत रकम पहिलो किस्ता बापत भुक्तानी गरिनेछ ।

<u>अनुदान प्रवाह सम्बन्धी विवरण</u>

| क्र.स. | विवरण | परिमाण |
|---|---|---|
| १ | तरकारीको बिउ वितरण | आवश्यकता अनुसार |
| २ | सिंचाई व्यवस्थापन सामग्री सहयोग | २ एच.पी.को पनि तान्ने पम्प २ इन्चको सिचाई पाइप आदि |
| ३ | बजार व्यवस्थापन सामग्री सहयोग | क्रेट तराजु आदी |
| ४ | रसायनिक बिषादी बाहेकका अन्य बैकल्पिक बाली संरक्षण बिधिहरुकोंलागी सहयोग | मोहनी पासो , जैविक बिषदी ,कलर ट्र्याप |
| ५ | बिषाधी प्रयोग गर्ने उपकरण | स्प्रेयर माक्स एप्रोन आदी |

| | | |
|---|---|---|
| | सहयोग | |
| ६ | तरकारी बालीको लागि स्थानीय स्तरमा उपलब्ध सामग्रीबाट अस्थायी घेरबार तथा छापो | आवश्यकता अनुसार |
| ७ | बजारीकरणको लागि प्रति बिघा अनुदान रु.५००० | उत्पादन तथा बजारीकरण सम्बन्धी विवरण प्राप्त भईसकेपछि भुक्तानी दिने |

(६) कार्यक्रम संयोजकले फिल्ड अनुगमन गरिसकेपछि अनुगमन प्रतिबेदनका आधारमा सम्झौता अनुसार सम्पादित क्रियाकलापका लागि बाकी अनुदान रकम भुक्तानी गरिन्छ ।

(७) यस कार्यक्रम अन्तरगत छनौट भएका कृषक समुहले बसन्ते तरकारी बालीहरु जस्तै : लौका, फर्सी, जुनिकी, काक्रा, तरबुजा, खरबुजा, करेला, तथा अन्य लहरे तरकारी बालीको खेति गर्नुपर्नेछ ।

८. **<u>कार्य सम्पन्न प्रतिबेदन</u>:** केन्द्रले जिल्लामा संचालित बगर खेती कार्यक्रमको एकमुष्ट प्रगती अनुसुची-२ अनुसार मासिक, चौमासिक र बार्षिक रुपमा प्रगति प्रतिबेदन तयार गरी कृषि विकास निर्देशनालयमा पठाउनुपर्नेछ ।

## परिच्छेद -३

## बिबिध

९. **<u>अनुगमन तथा मुल्यांकन व्यवस्था:</u>** मन्त्रालय, निर्देशनालय र स्थानीय तह बाट आवश्यकता अनुसार र केन्द्रबाट नियमित अनुगमन तथा मूल्याङकन गरिने छ ।

१०. **<u>कारवाहीको व्यवस्था:</u>** कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेमा प्रचलित कानुन बमोजिम कारबाही हुनेछ ।

११. **<u>प्रचलित कानुन लागु हुने</u>:** बगर खेति कार्यक्रम कार्यान्वयनको सम्बन्धमा प्रचलित कानुनमा उलेख्य भएमा सोहि बमोजिम तथा उलेख्य नभएका कार्यक्रमको हकमा यसै कार्यविधि बमोजिम कार्यान्वयन हुनेछ ।

१२. **<u>बाली बिमा</u>:** हरेक कृषक/कृषक समुह तथा सहकारीले आवश्यकताको आधारमा बाली बिमा गर्न सक्ने छन ।

१३. **<u>संशोधन तथा हेरफर</u>:** मन्त्रालयको सिफारिसमा प्रदेश सरकारले यस कार्यविधिमा आवश्यक संशोधन तथा हेरफेर गर्न सक्नेछ ।



## अनिसुची -१

### (दफा ७ को उपदफा (३) संग सम्बन्धित)

<u>बगर खेति कार्यक्रम संचालनको लागि गरिने सम्झौता पत्र (नमुना)</u>

भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेशनं २, जनकपुरको आर्थिक सहयोगमा कृषि ज्ञान केन्द्र ..............मार्फत संचालन गरिनेआ.ब. ........................ को बगर खेति कार्यक्रम संचालन गर्न कृषि ज्ञान .................(यस भन्दा पछाडी पहिलो पक्ष भनिने) र ....................................................... कृषि फर्म, कृषि कम्पनी, कृषक समुह, ( यस भन्दा पछाडी दोस्रो पक्ष भनिने ) बीच तपसिलका शर्तहरु बमोजिम कार्यक्रम सम्पन्न गर्न सम्झौता / सहमति गरिएको छ ।

१. दोस्रो पक्षले बगरमा तरकारी खेति गर्नका लागी कम्तिमा ३ बिघाको कलस्तर बनाई लहरे तरकारी खेति गर्नु पर्नेछ ।

२. पहिलो पक्षले बगर खेति कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७५ को परिच्छेद -२ को दफा ७ अनुसारको उत्पादन सामग्रीको लागि सम्पादित क्रियाकलाप अनुसार रकम बगरमा बाली स्थापित भए पछी कार्य सम्पादनको आधारमा बढीमा पचास प्रतिशत पहिलो किस्ता वापत र बाँकी रकम कार्यक्रम सम्पन्न भैसकेपछी भुक्तानी गरिनेछ र कार्यक्रम अनुसार घुम्ती तालिम संचालन गर्नेछ ।

३. पहिलो पक्षबाट दोस्रो पक्षलाइ बगर खेतीसम्बन्धी आवश्यक प्राबिधिक सेवा सल्लाह प्रदान गरिनेछ ।

४. पहिलो पक्षले नियमित रुपमा कार्यक्रमको अनुगमन निरिक्षन गरिने छ ।

५. यस सम्झौतामा उल्लेखित काम गर्दा पर्न सक्ने कुनै पनि प्राकृतिक प्रकोप/भवितव्यको पूर्ण जिम्मेबारी दोस्रो पक्ष स्वम आफै हुनेछ।

६. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

| | |
|---|---|
| <u>पहिलो पक्ष</u> <u>दोस्रो पक्ष</u>कृषि ज्ञान केन्द्रको तर्फबाट सहकारी | कृषक/कृषक समुह/ कृषक |
| नाम | नाम |
| पद | पद |
| दस्तखत | दस्तखत |
| मिति | मिति |
| कार्यालयको छाप | संस्थाको नाम |

अनुसूची -२

(दफा ८ संग सम्बन्धित)

**बगर खेति कार्यक्रमको प्रगति विवरण पठाउने फारामको ढांचा (नमुना)**

१. कृषक/कृषक समुह / कृषि सहकारी

नाम

ठेगाना

आ.ब. प्रगति प्रतिबेदन अवधि : चौमासिक / वार्षिक

| क्र. स. | कृषकको नाम | तरकारी बालीको नाम | क्षेत्रफल हेक्टर | उत्पादन (मे.टन ) | बिक्रि मुल्य रु. (प्रति मे.टन ) | कुल आम्दानी रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

प्रति इकाई उत्पादित तरकारी स्थानीय बजारमा बिक्रि मुल्य

१ ...................... २...................... ३ ......................

नाम मिति

ठेगाना